# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिहुँकोट, बागलुङ

गण्डकी प्रदेश नेपाल

मिति:२०७६/१२/१६

प.सः २०७६/७७

च.नः ११९६

श्री काठेखोलावासी जनसमुदाय तथा सरोकारवाला सबै

## बिषय: लकडाउनको पुर्ण कार्यान्वयन सम्बन्धमा

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्न यसको विपदमा परेका हरुलाई सहयोग गर्न यस काठेखोला गाउँपालिका प्रतिवद्ध छ । बिदेश बाट आउनु भएका सम्पुर्ण महानुभावहरु होम क्वारेन्टाईनमा बस्नुहुनु अनुरोध गर्दै Covid-19 को कुनै लक्षण देखा परेमा स्वास्थ्यकर्मी संग परामर्श वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । सम्पुर्ण देश लकडाउनको अवस्थामा भएपनि पुर्ण रुपमा कार्यान्वयन हुन नसकेको गुनासो आए पछि मिति २०७६/१२/१५ को काठेखोला गाउँपालिकाको कार्यपालिकाको बैठकवाट भएका देहाय बमोजिमका निर्णयहरु कार्यान्वयन गर्नु गराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । कार्यान्वयन नभएको खण्डमा नियम अनुसार कार्वाही हुने व्यहोरा जानकारी गराईन्छ सम्बन्धित सबैमा ।

तपसील:

१. सम्पुर्ण काठेखोलावासीले लकडाउन तथा निषेधाज्ञाको पुर्ण पालना गर्ने र गराउने । उक्त अबधिभर आपसी भेटघाट, भोजभतेर ,खेलकुद, सामुहिक कामकाज (सामुहिक मेलापात,पर्म,हुद्दा समेत ) ,सामुहिक मनोरञ्जन लगायतका कार्य नगर्ने नगराउने , यी कार्य गर्ने गराउनेलाई कानुन बमोजिम कारवाही गर्ने गराउने ।
२. पासबिनाका सवारी साधनलाई पुर्ण रुपमा निशेध गर्ने गराउने।
३. अत्यावश्यक कामका लागी सम्बन्धित वडाको जनप्रतिनिधि , स्वास्थ्यकर्मी तथा कर्मचारीहरुविच आपसी समन्वयमा काम गर्ने ।
४. विदेशबाट हालै फर्किएका व्यक्तिहरुलाई अनिवार्य होम क्वारेन्टाईन राख्ने र सो कार्यको अनुगमन सम्बन्धित वडाको जनप्रतिनिधि , कर्मचारी एवं स्वास्थ्यकर्मीले गर्ने।
५. प्रत्येक वडामा कम्तिमा ६ वेडको क्वारेन्टाईन निर्माण गर्ने।

खिम बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोदार्थ:
१. श्री १ देखि ८ नं. वडा कार्यालय सबै काठेखोला गाउँपलिका।
२.श्री स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई सबै काठेखोला गाउँपलिका। ।